# सुर्खेत जिल्ला अदालत
वीरेन्द्रनगर, सुर्खेत

फोन/फ्याक्स नं. ५२०३३५

प.स. ०७६/०७७

चलानी नं. ५५९८　　　　फाँट:-प्रशासन　　　　मिती २०७७।०३।०१

बिषय:- थप सेवा प्रवाह हुने सम्वन्धमा ।

उपर्युक्त सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को पुर्ण बैठकको निर्णय तथा नेपाल सरकारको मिति २०७६।१२।१० को निर्णय अनुसार कोरोना भाईरस (COVID-19) को रोकथाम तथा नियन्त्रणका लागि मिति २०७६।१२।११ गतेदेखि नै देशब्यापी बन्दाबन्दीको कारण अदालतबाट सम्पादन गरिने काम कारवाहीमा संकुचन गरी जिल्ला अदालतले म्याद थप, पक्राउ पुर्जि अनुमती, जरुरी पक्राउ पुर्जि समर्थन, अभियोग पत्र दर्ता, प्रतिवादीको बयान, थुनछेक आदेश, मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधाका लागि परेको निवेदन उपर कारवाही र बाल सुधार गृहमा रहेका बालबालिकालाई अभिभावकको जिम्मा लगाउने निवेदन उपर काम कारवाही भई रहेकोमा बन्दाबन्दीको स्थिति लम्बिदै गएको कारण अदालतबाट गरिने सबै काम कामकारवाहीहरु अनिश्चित कालसम्म स्थगन गर्न मनासिव र ब्यवहारिक नदेखिएकाले सम्मानित सर्वोच्च अदालतको च.नं.१९७३ मिति २०७७।०२।३२ गतेको परिपत्र तथा उच्च अदालतको सुर्खेतको च.नं.३२२६ मिति २०७७।०३।०१ गतेको प्राप्त निर्णय बमोजिम माथि उल्लेखित काम कारवाहीलाई निरन्तरता दिंदै यस अदालतबाट निर्धारित मापदण्ड तथा स्वास्थ्य सुरक्षाका उपायहरु अनिवार्य रुपमा अबलम्बन गरी मिति २०७७।०३।०१ गतेदेखि तपसिलमा उल्लेखित थप काम कामकारवाहीहरु सम्पादन हुने ब्यहोरा सम्बन्धित सबैका लागि जानकारीका लागि अनुरोध छ ।

..................
(यमप्रसाद बास्कोटा)
(स्रेस्तेदार, उप...)

## तपसिल

१.कसूर कायम भई सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दाहरुमा सजाय निर्धारण गर्ने कार्यलाई अघि बढाउने ।

२. घरेलु हिंसा सम्वन्धी फिराद दर्ता गर्ने ।

३.मिलापत्र, मुद्दा फिर्ता तथा रोक्का सम्वन्धी कामकारवाहीहरु अगाडी बढाउने ।

४.धरौटी तथा कोर्ट फि (अदालती शुल्क) फिर्ता पाउँ भन्ने निवेदन दर्ता गरी आवश्यक निकासा दिने ।

५.फैसलाको संसोधन सम्वन्धी निवेदन दर्ता गरी सुनुवाई गर्ने ।

६.फैसला लगायत मिसिल संलग्न कागजातको नक्कल माग गर्ने निवेदन दिएमा नियमानुसार नक्कल दिने ।

७.मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन दर्ता गरी सुनुवाई गर्ने ।

८. पक्ष तारेखमा नरहेका वा बादीले तारिख गुजारी मिति २०७६।१२।०९ भन्दा अगावै थाम्ने थमाउन म्याद समाप्त भएका, कानून ब्यवसायी मुकरर नभएका वा कानून ब्यवसायीहरुको उपस्थिति हुन सक्ने अवस्थाका मुद्दाहरुको कारवाही र सुनवाई गर्ने ।

९.मुद्दा पुर्पक्षका लागि बाल सुधार गृहमा रहेका बालबालिका प्रतिवादी भएका मुद्दाहरुको सुनुवाई गर्ने ।

१०.नेपाल सरकार वादी भई दायर भएका फौजदारी मुद्दामा प्रतिवादी चुक्ता भई सबै प्रतिवादीहरु कारागारमा थुनामा रहेका मुद्दाहरुको सुनुवाई गर्ने ।

११.फिर्ता दिन मिल्ने जिन्सी सामान वा दशिका सामान लिने निवेदन परेमा आवश्यक कारवाही/निकासा दिने ।

(उप-सचिव)